वीतरागाय नमः

# कर्मभूमिबाट जन्मभूमिको यात्रा

## प्रस्थान

भारत र नेपाल ऐतिहासिक, धार्मिक र सांस्कृतिक दृष्टिले समानभावमा आधारित छन् । सम्पूर्ण सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र राष्ट्र भएको नाताले दुवैका भौगोलिक सीमा फरक-फरक भए पनि यी दुई राष्ट्रबीचमा एउटै भावधारा प्रवाहित छ । नेपाल विश्वको एक मात्र घोषित हिन्दू राष्ट्र हो, जुन हाम्रो जन्मभूमि हो । एक लामो कालप्रवाह बितिसकेको छ । जब हामीले जैन धर्ममा दीक्षित भएर मानवसेवाको संकल्पका साथ आफ्नो जन्मभूमिको नाता तोडेका थियौं । केही समयदेखि नै मनमस्तिष्कमा पटक-पटक यो प्रश्न उठ्यो -हाम्रो जन्मभूमिमा जैन धर्म र जैन धर्मावलम्बीको स्थिति कस्तो छ ? कालान्तरमा यो इच्छा यति प्रबल भयो कि आफूलाई रोक्न सकिएन । एक दिन आफ्नो मातृभूमितर्फ पाइला चाल्न अग्रसर भयौं । हाम्रो कदममा चञ्चलता भरिएको थियो भने मनमा उत्साह र मस्तिष्कमा कैयौं भावहरु तरङ्गित भइरहेका थिए ।

आराध्य गुरुदेव तपस्वीरत्न श्रीसुमति प्रकाशजी महाराज साहेव एवं उपाध्याय प्रवर डा. श्री विशाल मुनिजी महाराजको शुभ आशीर्वाद र मंगलपाठ प्राप्त गरेर मैले २६ जनवरी १९९९ मा आफ्नो लामो यात्रा शुभारम्भ गरें । यात्रा प्रस्थान बिन्दु सिन्नर (नासिक) बाट शुरु गरेर इगतपुरी पुग्यौं । त्यहाँ हामीलाई दश दिवसीय ध्यान शिविरको आनन्द प्राप्त भयो । त्यहाँबाट हामी अदमदनगर (महाराष्ट्र) पुग्यौं, जहाँ हाम्रा प्रिय मित्र महेन्द्र ऋषिजी महाराजसँग उल्लासमय भेटघाट भयो । जब उहाँ लामो यात्राको शुभ समाचार सुन्नुभयो तब आफ्नो मुखराविन्दबाट प्रेरणादायी शब्द उच्चारण गर्नुभयो- साहसी पुरुषको पछाडि भाग्य हिँड्छ । उहाँको यो प्रेरणादायी वचनले हाम्रो उत्साह र

संकल्पमा अभिवृद्धि गरायो। मनमा नयाँ ऊर्जा मिल्यो। त्यसपछि हामी जालना, बधा हुँदै नागपुर पुग्यौं र त्यहाँ चतुर्मासका लागि श्री संघले हार्दिक अनुरोध गरे पनि हामी अघि बढ्न चाहान्थ्यौं। त्यसैले चन्द्रपुर, नागपुरका भक्तहरुको अनुरोधलाई स्वीकार गर्न सकेनौं। हामी सिमडेगा (विहार) तर्फ प्रस्थान गर्‍यौं। त्यही चतुर्मास बिताउने हाम्रो निर्णय थियो। हामी राजनाद गाउँ, दुर्ग, रायपुर हुँदै अघि बढ्यौ। फरसा, दुर्ग रायपुरका श्री संघले हाम्रो विहारयात्रालाई सुविधाजनक तुल्याउन संवलपुर उडिसा सम्मका लागि व्यवस्था मिलाएका थिए। हाम्रो यात्रा क्रममा उडिसाका वरगढ, संवलपुर, झारसुगडा, सुन्दरगढ क्षेत्रका जैन बन्धुहरुसँग सत्कार सेवाको विशेष लाभ प्राप्त भयो।

सुन्दरगढबाट आदिवासी क्षेत्र हेर्दै हामी आफ्नो प्रथम चतुर्मास स्थल सिमडेगा पुग्यौं। सिमेगावासीमा धर्म र सत्संगप्रतिको रुचि देखेर हामी हर्षित भयौं। उनीहरुले चतुर्मासभरिका सबै कार्यक्रमहरुमा हर्षोल्लासपूर्वक भाग लिए। ठूलो उत्साह र सद्भावपूर्ण वातावरणमा चतुर्मास सम्पन्न भयो। त्यसपछि हाम्रो यात्रा सिमडेगाबाट २४ किलोमिटर फरकमा रहेको रामरेखाधामका लागि शुरु गर्‍यौं। त्यहाँ रामरेखाबाबा विराजमान हुनुहुन्थ्यो। त्यस दिन त्यहाँ ठूलोमेला लागेको थियो। मेलामा करिब एक लाख जनसमूह एकत्रित भएका थिए, जहाँ आदिवासी क्षेत्रको संस्कृतिको झलक देखिन्थ्यो। रातमा सन्त सम्मेलनको आयोजना गरिएको थियो। अत्यन्त शान्त र मधुर वातावरणमा प्रवचन कार्य सम्पन्न भएको थियो। हामीले प्रथम पटक मञ्चबाट त्यति विशाल जनसमूहलाई सम्बोधन गरेका थियौं। हामीले उनीहरुलाई धर्मको मर्मबारे मानवजीवनको महत्वपूर्ण उद्देश्य समाज र देशप्रतिको कर्तव्यबारे अवगत गरायौं। हाम्रो देशको पशुधन विदेशको भोजन बन्न गइरहेको छ। यो कति आश्चर्यजनक कुरा हो कि हामी पशुको मासु निर्यात गरेर गोबर आयात गर्छौं। हाम्रो पर्यावरणको सन्तुलन बिग्रदै गइरहेको छ, जसलाई रोक्न आवश्यक छ।

फेरि हामीलाई यस कारण पनि प्रसन्नता भयो कि एक धर्मप्रति समर्पित जनसमुदायलाई सम्बोधन गर्दै थियौं । हाम्रा भनाइलाई उनीहरुले ग्रहण गरिरहेको जस्तो लाग्थ्यो । रामरेखा बाबाको स्नेह अद्भुत थियो । उहाँ गुफाभित्र कुटीमा बस्नुहुन्थ्यो । उहाँ १०४ वर्षको हुनुहुन्थ्यो । हामीले उहाँको अनुभव र ज्ञानको फाइदा लिने प्रयास गर्‍यौं । त्यहाँबाट हामी सिमडेगा फर्क्यौं । सिमडेगामा धर्मप्रेमीहरुको र सन्तसेवकहरुको अश्रुपूर्ण बिदाइ लिएर हाम्रो कदम आफ्नो जन्मभूमितर्फ गतिवान् भयो ।

सिमडेगाबाट हामी राँची, रामगढ भएर पेटरवार पुग्यौं । त्यहाँ दार्शनिक एवं सरल आत्मा श्री जयन्तिलालजी महाराज साहेबको दर्शनको फाइदा लिएर आफूलाई धन्य सम्झ्यौं । महाराज श्रीले हाम्रो काठमाडौं (नेपाल) यात्रालाई सहज र सरल बनाउन विद्या भारती पटना र नेपालका प्रमुख श्रावकहरुलाई पत्रद्वारा सूचित गर्नुभयो । यात्रा कष्टकर हुन्छ कि भन्ने मनको आशंकालाई उहाँको स्नेह र सद्भावले समाधान गरेको थियो ।

सहस्राब्दीको पहिलो दिन हामीले मधुवनमा सम्मेतशिखरजीको दर्शन गर्‍यौं, जुन २४ तीर्थकर मध्ये २० तीर्थकरहरुको निर्वाणभूमि थियो । यो पर्वत गिरिडिह जिल्ला अन्तर्गत पर्दछ । आम समुदायहरुवीच यो पारसनाथ पहाडको नामबाट जानिन्छ । जैन मतावलम्बीहरुका लागि यो स्थान अति महत्वपूर्ण छ ।

## भगवान् महावीरको ज्ञानस्थलमा

मधुवनमा देशभरबाट आएका श्रद्धालुहरुका बीच २१ औं शताब्दीको प्रथम बिहानी व्यतीत गर्नु हाम्रो लागि सुन्दर अनुभव थियो । दोस्रो दिन हामीले हिमालको सुरम्य पहाडको यात्रा गर्‍यौं । तेस्रो दिन मधुवनबाट १८ किलोमिटर दूरीमा रहेको सानो गाउँ बराकर पुग्यौं, जसलाई हामीले शास्त्रमा जाम्बियाको नाउँबाट जान्दछौं । त्यस गाउँमा जैन मन्दिर र जैन धर्मशाला छ । मन्दिरको ठीक पछाडि भगवान् महावीरको कैवल्य ज्ञानस्थली छ । त्यस पवित्र ज्ञानस्थलको दर्शन गर्न पाउँदा आफूलाई धन्य सम्झ्यौं । धर्मशालाको

किनारमा बराकर नदी आफ्नो सौन्दर्यका साथ प्रवाहित बन्छिन्। प्राचीन कालमा यो नदी ऋजुबालिकाको नामले परिचित थियो। अपरान्हकालमा नदी किनारमा रमाउँदा र चारैतिर दृश्यावलोकन गर्दा मन अतीतको गहिराइमा हराउँथ्यो। जब भगवान् महावीर यस क्षेत्रमा आउनुभएको थियो, त्यो दृश्य र वातावरण देखेर कति प्रभावित भएको थियो होला ? यो स्थानको पवित्रताबारे सहजै परिकल्पना गर्न सकिन्न। जहाँ भगवान् महावीरलाई कैवल्य प्राप्त भयो। सन्तको विराट रुप उहाँ समक्ष उद्घाटन भयो र सम्पूर्ण मानवसमाजको कल्याणको लागि चिरन्तनमार्ग खुल्यो। उहाँको हृदयमा सत्य, अहिंसा र करुणाको जुन अजस्रधारा प्रवाहित भयो, जसको तरङ्गबाट मानवजीवनलाई निर्मलता प्रदान गरेको छ र भविष्यमा गर्दै रहनेछ। यस्तै कल्पनामा पूरा दिन बित्यो। अर्को दिन हामी गिरिदह शहर पुग्यौं, जहाँ श्री पशुपति अग्रवालको घरमा राति विश्राम गऱ्यौं।

अर्को दिन चरधरा, मलही, तारानखु फूलबरिया भएर हामी कोडरमा पुग्यौं, जो राष्ट्रिय राजमार्ग थियो। त्यसकै आधारमा हामी अघि बढ्दै थियौं। घना जङ्गल र झाडी पार गर्दै पहाडसँगै घेरिएको नदी किनारमा अवस्थित सानो गाउँ दिवोर हुँदै अघि बढ्यौं। अंधरवाडीको पछाडि गुनियाको जैन मन्दिर पुग्यौं। यो स्थानबारे कसैलाई पूर्वज्ञान थिएन। यो त्यही स्थान थियो जहाँ प्रभु महावीरको प्रथम शिष्य गौतम स्वामीलाई कैवल्य प्राप्त भएको थियो। यो गाउँले हामीलाई २५सय वर्षपछाडि लगेको थियो। कात्तिक अमावस्याको रात जब भगवान् महावीरले निर्वाण प्राप्त गर्नुभयो, गौतम स्वामी यहाँ विराजमान हुनुहुन्थ्यो। जब प्रभुको निर्वाणको सूचना मिल्यो उनी दुःखी हुँदै रुन थाले। त्यो क्षण उनको जीवनको अन्तिम रुवाइ थियो। केही क्षणभर उनको आत्मा जागृत भयो। चार कर्मलाई तोडेर उनले कैवल्य प्राप्त गरे।

अर्को दिन हामी भगवान् महावीरको निर्वाणस्थल पावापुरीको लागि प्रस्थान गऱ्यौं। करिब २१ किलोमिटरको यात्रा पूरा गरेर हामी त्यहाँको

धर्मशाला पुग्यौं । उक्त स्थान हेर्ने हाम्रो आन्तरिक इच्छा पूरा भयो, जहाँ भगवान् महावीरको अन्तिम संस्कार भएको थियो । त्यो स्थान जले मन्दिरको नामले प्रसिद्ध छ । कमल फूलले भरिएको एउटा ठूलो तलाउको बीचमा संगमरमरबाट बनेको एक विशाल मन्दिर विद्यमान छ । त्यहाँका सबै पाटीहरु देखेपछि हामीले त्यस पवित्र स्थलको दर्शन गऱ्यौं, जहाँ प्रभु महावीरले प्रथम र अन्तिम उपदेश गर्नुभएको थियो । मानव कस्तो लक्ष्य सिद्धिका लागि जीवनधारण गर्दछ र कस्ता उपलब्धि छोडेर मृत्युवरण गर्दछ भन्ने सन्देश भगवान्को निर्वाणस्थलले दिन्छ । मानवताको सेवाका लागि मानिसको कृतिले अमरत्व प्रदान गर्दछ ।

## प्रेरणाभूमि राजगृह र नालन्दा

हाम्रो यात्राको अर्को विश्रामस्थल थियो राजगृह, जुन बौद्ध धर्मावलम्बी र जैन धर्मावलम्बीका लागि अति महत्वपूर्ण प्रेरणाभूमि हो । १६ जनवरी २००० पावपुरीबाट राजगृहका लागि प्रस्थान गऱ्यौं । राजगृहको पहाडी शृङ्खला हेर्दै हामी अघि बढ्यौं । त्यस स्थानमा वनस्पतिहरुको कमी देखिन्थ्यो । पहाडी प्राकृतिक गुफाहरुमा साधनारत सन्यासीहरु देखिन्थे । यिनै दृश्यहरुलाई आफ्नो मानसपटलमा राख्दै राजगृह प्रवेश गऱ्यौं । राजगृहको माटाका कण-कणहरु यस तथ्यलाई उजागर गर्दथे कि यस पवित्र भूमिमा महावीर र बुद्धको कति कृपादृष्टि थियो । चारैतर्फ बौद्ध र जैन मन्दिर थिए । पूर्व भारत जैनस्थानकमा रात्री विश्रामपछि हामी वीरायतन पुग्यौं, जहाँ आचार्य श्री चन्दना महाराज र अन्य सहयोगीको दर्शन भयो । तीन दिन त्यहाँ बसेर हामीले राजगृहको पहाडी यात्रा सुरु गऱ्यौं । त्यहाँ हामीले तातोपानीको कुण्ड पनि देख्यौं, जहाँबाट तातोपानी निस्कन्थ्यो । जनविश्वास यो थियो कि यो कुण्डमा स्नान गरेमा छालारोग निको हुन्छ । त्यस कारण यो कुण्डमा नुहाउनेहरुको सधैं भीड लाग्छ । यस स्थानमा विदेशीहरु पनि देखिन्थे । उनीहरु प्रायः यहाँ आइरहन्थे । अन्तिन्म दिन उदय गिरी पर्वतको दर्शन गऱ्यौं, जहाँ घोर तपस्वी